स्थानीय सरकार
LOCAL GOVERNMENT
पुथा उत्तरगङ्गा गाउँपालिका
PUTHA UTTARGANGA RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तकसेरा, रुकुम पूर्व
TAKSERA, RUKUM EAST
लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

puthauttargangamun.gov.np
info@puthauttarganga mun.gov.np
puthauttarganga mun@gmail.com
9857880303, 9857880404

प. सं. (Ref No.) : २०८३/०८४
सू. नं. (Dis No.) : ४१

मिति:२०८३/०८/०६

कृषि तथा पशुसेवा शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुको लागी प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना ।

आ.व .२०८३/०८४ को लागी कृषि तथा पशुसेवा शाखा मार्फत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान तथा गाउँपालिका समानिकरण अनुदानबाट सञ्चालन हुने तपसिलका कार्यक्रहरू सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि/पशुपालन कृषक/कृषक फर्म/ कृषक समूह /कृषि सहकारी/कृषि उद्यमी र कृषि कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले कम्तिमा २१ दिन (मिति २०८३/०८/२६ गते) भित्र तपसिलमा उल्लेखित कागजात संलग्न गरी यस कार्यालयमा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहररू छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:-

क्र. स.	कार्यक्रम	मापदण्ड	संख्या	संचालन गर्न सकिने क्रियाकलाप	अनुदान रकम रु	कै.
१.	मागमा आधारित कृषि कार्यक्रम	➢ व्यवसायउन्मुख उत्पादन मूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने । ➢ तोकिएको क्षेत्रफल कम्तिमा ३ रोपनीमा खेति गरेको हुनुपर्ने।	➢ मागको आधारमा	➢ तरकारी खेति/ साना सिँचाई/नर्सरी व्यवस्थापन /फलफूल खेति लगाएत भुगोल र हावापानी अनुकूल अन्य कार्यक्रमहरु	➢ पूर्वाधार निर्माणको हकमा कुल लागतको ८५ प्रतिशत र अन्य खरिदको हकमा ७५ प्रतिशत अनुदान । ➢ कुल जम्मा अनुदान रकम ५ लाख	

२.	चुना तथा निलो तुथो खरिद वितरण कार्यक्रम	➢ फलफूल खेति गरेको हुनुपर्ने। ➢ कृषक/कृषकसमुह /सहकारी/समुहले माग गर्नुपर्ने।	➢ मागको आधार मा	➢ फलफूल खेतिको उत्पादन बृद्धि गर्न निलोतुथो र चुना वितरण ।	➢ निशुल्क ➢ कुल जम्मा रकम रु ८ लाख	
३.	भैसी प्रर्वद्धन कार्यक्रम	➢ कृषक/फर्म/कृषक समुह/समिती दर्ता भएको हुनु पर्ने ➢ अन्य मापदण्ड कार्यविधि अनुसार हुनेछ	➢ मागको आधार मा	➢ पाडा भैसी खरिद ➢ जलवायु मैत्री गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन ➢ औषधि उपचार,परजिवि नियन्त्रण तथा खोप कार्य ➢ दुध उत्पादन तथा प्रशोधनको लागि आवश्यक सामाग्रि यन्त्र तथा उपकरण खरिद	➢ कुल अनुदान रकम ५ लाख	
४.	मागमा आधारित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम	➢ कृषक/फर्म/कृषक समुह/समिती दर्ता हुनुपर्ने	➢ मागको आधार मा	➢ पशुपालन/ कुखुरापालन लगायत भुगोल र हावापानी अनुकुल अन्य कार्यक्रम	➢ पूर्वाधार निर्माणमा ८५ प्रतिशत र अन्य सामाग्री खरिदमा ७५ प्रतिशत अनुदान। ➢ कुल जम्मा अनुदान रकम ४ लाख	

५.	चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	➢ कृषक/फर्म/कृषक समुह/समिती दर्ता भएको हुनु पर्ने ➢ अन्य मापदण्ड कार्यविधि अनुसार हुनेछ	➢ मागको आधार मा	➢ याक वा चौरी खरिद तथा ढुवानी गर्ने ➢ जलवायु मैत्री घुम्ती गोठ निर्माण वा सुधार तथा मलमुत्रव्यवस्थापन ➢ औषधि उपचार ,परजिवि नियन्त्रण तथा खोप कार्य	➢ पूर्वाधार निर्माणमा ८५ प्रतिशत र अन्य सामाग्री खरिदमा ७५ प्रतिशत अनुदान ➢ प्राविधिक सेवा १०० प्रतिशत ➢ कुल जम्मा अनुदान रकम ५ लाख	
६.	पशुपन्छीको आधुनिक खोर गोठ निर्माण/सुधार कार्यक्रम	➢ व्यवसायिक रुपमा पशुपालन गरी आधिकारिक निकायमा दर्ता भएको हुनुपर्ने	➢ मागको आधार मा	➢ खोर गोठ निर्माण तथा सुधार गर्ने	➢ पूर्वाधार निर्माणमा ८५ प्रतिशत र अन्य सामाग्री खरिदमा ७५ प्रतिशत ➢ प्राविधिक सेवा १०० प्रतिशत ➢ कुल जम्मा अनुदान रकम ५ लाख	

निवेदन साथ पेश गर्नु पर्ने का गजातहरु :-

१. अनुसुची-२ बमोजिमको निवेदन
२. विस्तृत कार्ययोजना अनुसुची- ३ बमोजिम
३. सम्बन्धित निकायमा कृषक समूह/समिती/व्यक्तिगत फार्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
४. कृषक समूह/समिती/व्यक्तिगत फर्म PAN/VAT दर्ता भए दर्ता प्रमाणपत्रको प्रतिलिपी
५. अघिल्लो आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र
६. कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेखित गरिएको वडा कार्यालय र कृषि/पशु सेवा केन्द्र/इकाईको सिफारिस पत्र
७. कृषक समूह/समितीको हकमा कार्यक्रम संन्चालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपी
८. कृषक समूह/समिती सदस्यहरुको नामावली (नागरिकताको प्रतिलिपी सहित)
९. कार्यक्रम संन्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपी
१०. यस सम्बन्धी निर्णय गर्ने अधिकार पुथा उत्तरगङ्गा गाउँपालिकामा सुरक्षित हुने छ
११. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार लागु हुने छ।

नोटः- निवेदन र सङ्क्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन प्रक्रिया यस गाउँपालिकाको कृषि/पशु सेवा शाखा, कृषि/पशु सेवा केन्द्र/इकाईहरू तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि पुथा उत्तरगङ्गा गाउँपालिका गाउँकार्यपालिको कार्यालय कृषि/पशु सेवा शाखा र कृषि/पशु सेवा केन्द्र/इकाईहरू तथा वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

बोधार्थ :-

श्री पुथा उत्तरगङ्गा गाउँपालिका सबै वडा कार्यलयहरू – सूचना टाँस गरिदिनु हुन ।
श्री कृषि/पशु सेवा केन्द्र/इकाईहरू – सूचना टाँस गरि दिनु हुन ।
श्री सूचना प्रविधि शाखा – Website मा अपलोड गरिदिनु हुन ।

ध्रुव वि. क..
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत